नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

नेपाल सरकारले आर्थिक वर्ष २०६८/०६९ देखि नेपाली राजनीतिक आन्दोलन तथा सैद्धान्तिक, राजनीतिक खोज अनुसन्धान र लेखन कार्यमा लागेका व्यक्ति वा संस्था, नेपाली समाजको इतिहास, नेपालका राजनीतिक आन्दोलनहरुको इतिहास, नेपाली कम्यूनिष्ट आन्दोलनको इतिहास, साहित्य, संस्कृति र विज्ञान तथा प्रविधि क्षेत्रको खोज अनुसन्धानमा लागेका तीन जना स्रष्टालाई प्रत्येक वर्ष रु एक लाखका दरले तीन विधामा पुष्पलाल राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको छ ।

२०७८ सालको उक्त पुरस्कार निम्न विधामा देहायका स्रष्टाहरुलाई प्रदान गरिने नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७९/०३/०८ मा निर्णय भएको छ ।यसका लागि यस मन्त्रालयका सहसचिवज्यूको संयोजकत्वमा ५ सदस्यीय पुरस्कार चयन समिति गठन गरिएको थियो ।

आज मिति २०७९/०३/२८ गते मंगलबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा राष्ट्रपति भवन, शीतल निवास महाराजगञ्जमा विशेष समारोहबीच यस वर्षको पुष्पलाल राष्ट्रिय पुरस्कार र सम्मानपत्र ३ जनालाई तथा गत वर्षको पुष्पलाल राष्ट्रिय पुरस्कारको सम्मानपत्र ३ जनालाई पनि यसै कार्यक्रममा वितरण गर्ने कार्य सम्पन्न भएको जानकारी गराइन्छ ।

आ.व. २०७८ को पुष्पलाल राष्ट्रिय पुरस्कार पुरस्कृत स्रष्टाहरु

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कृत स्रष्टा वा संस्थाको नाम/ठेगाना |
|---|---|---|
| १ | राजनीतिक/सैद्धान्तिक | श्री घनेन्द्र बस्नेत |
| २ | इतिहास | डा. ढाकाराम सापकोटा |
| ३ | साहित्य,संस्कृति,विज्ञान | श्री जगन्नाथ आचार्य |

आ.व. २०७७ को पुष्पलाल राष्ट्रिय पुरस्कार पुरस्कृत स्रष्टाहरु

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कृत स्रष्टा वा संस्थाको नाम/ठेगाना |
|---|---|---|
| १ | राजनीतिक/सैद्धान्तिक | श्री मोहन चन्द्र अधिकारी |
| २ | इतिहास | प्रा. कृष्णप्रसाद पोखरेल |
| ३ | साहित्य,संस्कृति,विज्ञान | श्री पवित्रा घर्ती |

२०७९।३।२८

डा.टोकराज पाण्डे
सहसचिव एवं प्रवक्ता
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय